## पृष्ठभूमि

नेपाल अपाङ्ग समाज, अपाङ्गता भएका व्यक्तिहरूद्वारा २०५१ सालमा स्थापना गरिएको संस्था हो। स्थापना कालदेखि नै अपाङ्गता भएका व्यक्तिहरूको सवलीकरणका लागि मानवअधिकारको प्रत्याभूति, राज्यद्वारा लागू गरिएका ऐन, नियमहरूको पालनामा सक्रियता जनाउने, अन्तर्राष्ट्रिय अभिसन्धी, सन्धिसम्झौतामा गरेका प्रतिबद्धतालाई राज्यद्वारा पालना गराउन बहस-पैरवी गर्ने, अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापन एवम् संस्थागत रूपमा विकासका लागि यो संस्था क्रियाशील रहँदै आएको छ।

सन् १९८७ जुलाईदेखि नेपालको विकास नीति तथा प्राथमिकताका क्षेत्रहरूमा क्यानेडियन सहयोग कार्यालय (CIDA/CCO) को क्रियाशिलता रहदै आएको सन्दर्भमा, जनआन्दोलन ०६२/६३ पश्चात् नेपालमा लोकतन्त्रको संस्थागत विकास र समावेशी राज्यको निर्माणका लागि CIDA/CCO ले Development Democracy in Nepal (DDN) नामक परियोजना सञ्चालन गर्दै आएको छ। यस परियोजनाअन्तर्गत क्यानेडियन सहयोग कार्यालय (CIDA/CCO) को सहयोगमा प्रारम्भिक चरणदेखि नै नेपाल अपाङ्ग समाजले संविधानसभामा अपाङ्गता भएका व्यक्तिको समावेशीकरण तथा संविधान निर्माणका लागि अपाङ्गता भएका व्यक्तिहरूको मुद्दा पहिचान विषयक अभियान सञ्चालन गर्दै आएको छ। साथै नेपाली जनताको समावेशी राज्यको परिकल्पनासँग अन्तरसम्बन्धित अन्य सवालहरूमा पनि यस संस्थाले DDN का साझेदार संस्थाहरूसँगको सहकार्यलाई निरन्तरता दिंदै आइरहेको छ।

हाल संविधानसभाको गठन भई मुलुक नयाँ संविधान निर्माणको प्रक्रियामा छ। संविधानसभाबाट बन्ने नयाँ संविधानप्रति अपाङ्गता भएका व्यक्तिहरूको स्वामित्व र अपनत्व महसुस गराई समाजमा विद्यमान द्वन्द्वलाई दीर्घकालीन शान्तिमा रूपान्तरण गरी संविधानको स्थायित्वका लागि समेत अपाङ्गता भएका व्यक्तिहरूको सवाललाई नयाँ संविधानमा समावेश गर्न नितान्त आवश्यक देखिन्छ। तसर्थ, संस्थाले विभिन्न कार्यक्रमको माध्यमबाट देशव्यापी रूपमा अपाङ्गता भएका व्यक्तिको सङ्कलित तथा विशिष्टिकृत गरिएका मुद्दाहरूलाई अब बन्ने नयाँ संविधानमा अनिवार्य रूपमा सम्बोधन गराउन र अपाङ्गता भएका व्यक्तिलाई पनि विकासको मूलधारमा समाहित गराउनका लागि विभिन्न स्तर र सम्बन्धित निकायमा पक्षपोषण गर्ने कार्यक्रम सञ्चालन गरिरहने दिशामा केन्द्रित रहने छ।

यही यथार्थलाई मध्यनजर गर्दै देशको जनसङ्ख्याको लगभग १० प्रतिशतको सङ्ख्यामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको मूल सवाललाई पहिचान गरी नयाँ संविधानमा सम्बोधन गराउन र उनीहरूलाई विकासको मूल धारमा समाहित गर्न सघाउ पुऱ्याउने अठोटका साथ पुनः सम्बन्धित क्षेत्रका अगुवा, विशेषज्ञहरू तथा स्वयं अपाङ्गता भएका व्यक्तिहरूबीचको परामर्शको माध्यमबाट पहिचान गरिएका अपाङ्गता भएका व्यक्तिहरूको सवाललाई विशिष्टिकरण गरी नयाँ संविधानमा अनिवार्य रूपमा उल्लेख गराउनका लागि सम्बन्धित क्षेत्रका सरोकारवालासमक्ष पुऱ्याई पक्षपोषण गर्ने गरी यो सामग्रीको प्रकाशन गरिएको छ। नयाँ संविधानमा अपाङ्गता भएका व्यक्तिहरूको हकहित र संरक्षणका लागि तल उल्लेख भएअनुसारका सवाल अनिवार्य रूपमा समावेश गर्न आवश्यक छ।

## प्रस्तावना

नयाँ संविधानको प्रस्तावनामा नै मुलुकमा विद्यमान जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, वर्गीय, क्षेत्रीय, लैङ्गिक ... अपाङ्गता भएका व्यक्तिहरूको समस्या र विभेदको अन्त्य गर्दै राज्यका अङ्गहरूमा समावेशी सहभागितामूलक र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने कुरा उल्लेख गरिनु पर्दछ।

### नयाँ संविधानको राष्ट्र भाषाअन्तर्गत

#### राष्ट्र भाषा

नेपालमा बोलिने सबै मातृभाषाहरू तथा बहिराहरूले प्रयोग गर्ने गरेको साङ्केतिक भाषा समेत राष्ट्र भाषा हुन् भनी उल्लेख गर्नु पर्दछ।

#### मौलिक हक

नयाँ संविधानको मौलिक हकमा समानताको हकअन्तर्गत निम्न व्यवस्था राखिनु पर्दछ।

#### समानताको हक

१. सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन।

२. सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था ... वा अपाङ्गता भएको आधारमा भेदभाव गरिने छैन।

३. राज्यले नागरिककाबीच धर्म, वर्ण, जातजाति, लिङ्ग, उत्पत्ति ... अपाङ्गता भएका आधारमा भेदभाव गर्ने छैन।

४. अपाङ्गता भएकै कारणबाट कसैलाई पनि हेलाँ, दुर्व्यवहार, अपमानजनक तथा मानवीय मर्यादामा असर पर्ने व्यवहार गरिने छैन।

५. अपाङ्गता भएका व्यक्तिहरूका बीचमा पनि जात, धर्म, लिङ्ग, क्षेत्र, आर्थिक अवस्था आदिको आधारमा भेदभाव गरिने छैन।

तर महिला, दलित, आदिवासी जनजाति, मधेसी, किसान, मजदुर वा आर्थिक सामाजिक, सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग, बालक, बृद्ध तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ।

नयाँ संविधानको मौलिक हकअन्तर्गत नै अपाङ्गता भएका व्यक्तिको हकसम्बन्धी विशेष व्यवस्था गरिनुपर्दछ, जसअन्तर्गत निम्न व्यवस्थाहरू गर्न आवश्यक छ :

### अपाङ्गता भएका व्यक्तिको हक

अपाङ्गता भएका व्यक्तिको हकअन्तर्गत निम्नानुसारका अधिकारहरूको सुनिश्चित गर्न आवश्यक छ :

#### राजनीतिक सहभागिताको हक

यस अन्तर्गत

१. राज्यका हरेक तह र निकायमा अपाङ्गता भएका व्यक्तिहरूको समानुपातिक प्रतिनिधित्वको हक हुनेछ। यसरी समानुपातिक प्रतिनिधित्वको आधारमा अपाङ्गता भएका व्यक्तिहरूले प्राप्त गर्ने सङ्ख्याभित्र पनि महिला, दलित, तराईबासी, जनजाति, गरिब तथा बौद्धिक अपाङ्गतालगायत फरक-फरक अपाङ्गता भएका व्यक्तिहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिने व्यवस्था गरिनु पर्दछ।

२. अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई प्रभाव पार्ने विषयको निर्णय प्रक्रियामा उनीहरुको अभिभावकको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्छ।

३. अपाङ्गता भएका व्यक्तिहरूको संगठन निर्माण गर्न राज्यले आवश्यक सहयोग गर्नेछ भनी उल्लेख गर्नुपर्दछ।

#### शिक्षाको अधिकार

यस अन्तर्गत

१. अपाङ्गता भएका व्यक्तिहरूलाई निजको आवश्यकता र चाहनाबमोजिम निःशुल्क रूपमा औपचारिक, अनौपचारिक, सीपमूलक तथा प्राविधक शिक्षा उपलब्ध गराइने छ।

२. अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताअनुसार शिक्षामा प्रभावकारी पहुँचका लागि ब्रेल लिपि, साङ्केतिक भाषालगायतका वैकल्पिक लिपि, भाषा, पाठ्यक्रम, पाठ्यपुस्तक, साधन र सामाग्रीहरूको प्रयोग गरिने छ।

३. आवश्यकतानुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्टै विद्यालय स्थापना गर्न सकिने छ भन्ने व्यवस्था गरिनु पर्दछ।

#### स्वास्थ्यको अधिकार

यस अन्तर्गत

१. अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरहको गुणस्तरीय तथा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइने छ।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क र स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने निजी अस्पतालहरूलाई राज्यले आवश्यक सहयोग र प्रोत्साहन गर्ने छ।

#### अपाङ्गता भएका महिलाको हक

यस अन्तर्गत

१. अपाङ्गता भएका महिलाहरूलाई उनीहरूविरूद्ध हुने भेदभावको अन्त्य गरी मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण र समान उपभोगको वातावरण सुनिश्चित गरिने छ।

२. अपाङ्गता भएका प्रत्येक माहिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी विशेष हक हुनेछ।

३. कुनै पनि अपाङ्गता भएका महिलाविरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन। र, त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था गरिनु पर्दछ।

#### अपाङ्गता भएका बालबालिकाको हक

यस अन्तर्गत

१. मानसिक र शारीरिक रूपमा अपाङ्गता भएका कुनै पनि बालबालिकाहरूलाई निजको मर्यादा कायम गराउने, स्वावलम्बन अभिबृद्धि गर्ने, आफ्नो समुदायमा सक्रिय रूपमा सहभागी गराउने र सम्मानपूर्वक जीवनयापन गर्न पाउने वातावरण तयार गरिनेछ।

२. राज्यले अपाङ्गता भएका बालबालिकाहरूको हेरचाह र स्याहार गर्ने बाबुआमा वा अन्य व्यक्तिलाई परिस्थितिअनुसार आवश्यक सहायता प्रदान गर्ने छ।

३. अपाङ्गता भएका बालबालिकालाई प्रभाव पार्ने सबै विषयमा आफ्नो धारणा व्यक्त गर्ने, उनीहरूको धारणालाई सम्मान दिइने र उनीहरूको उमेरअनुसारको आवश्यक सहयोग प्रदान गरिने छ भन्ने व्यवस्था गरिनु पर्दछ।

### रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी

यस अन्तर्गत

१. सरकारी तथा निजी रोजगारीमा अपाङ्गता भएका व्यक्तिहरूका लागि जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिशत आरक्षणको व्यवस्था गरिने छ ।

२. राज्यले लोकसेवा आयोगबाट लिने परीक्षा तथा अन्य प्रशासनिक निकायहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि जनसङ्ख्याको आधारमा समानुपातिक संरक्षणको व्यवस्था गर्नेछ भन्ने व्यवस्था गर्नु पर्दछ ।

४. उल्लेख्य मात्रामा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने व्यावसायिक संगठनहरूलाई राज्यले सुविधा प्रदान गर्नेछ ।

५. अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन उनीहरूले छनोट गरेका विषयमा निःशुल्क सीपमूलक तालिम प्रदान गरी व्यवसाय गर्ने उचित वातावरण प्राप्त गर्ने हक हुनेछ ।

६. अपाङ्गता भएका व्यक्तिहरूले स्वतन्त्रतापूर्वक छनौट र स्वीकार गरेको काम गरी जीवननिर्वाह गर्न पाउने अवसर तथा खुला, समावेशी तथा पहुँचयोग्य वातावरणमा काम गर्ने हक हुनेछ ।

७. अपाङ्गता भएका व्यक्तिको परिवार तथा उनीहरूलाई संरक्षकत्व प्रदान गर्ने परिवारलाई राज्यले आवश्यक सहयोग गर्नेछ ।

८. अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक तथा निजी सेवामा उपस्थिति, विशेष उपचार र हेरचाहलगायत परिवार, समाज र राज्यबाट विशेष संरक्षण पाउने हक हुनेछ भन्ने व्यवस्था हुनु पर्दछ ।

८. अति अशक्त अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवार समेतका लागि आवश्यकताअनुसार खाद्यान्न, लुगा, एवम् आवास समेतको प्रर्याप्त जीवनस्तरको हक हुनेछ ।

९. अपाङ्गता भएका व्यक्तिहरूसँग बैबाहिक सम्बन्ध कायम गर्ने व्यक्तिहरूलाई राज्यले आवश्यक सहयोग गर्नेछ भन्ने व्यवस्था गरिनु पर्दछ ।

### पुनर्स्थापनाको हक

यस अन्तर्गत

१. संरक्षणविहीन तथा पारिवारिक जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह, संरक्षण, प्रगति र विकासका लागि राज्यले उचित पुनर्स्थापना गरी उनीहरूको पुनः सामाजिकरण गर्ने छ भन्ने व्यवस्था गरिनु पर्दछ ।

### पहुँचयुक्तताको हक

यस अन्तर्गत

१. अस्पताल, विद्यालय, सरकारी तथा सार्वजनिक कार्यालयहरू तथा सार्वजनिक स्थलहरूमा भएका भौतिक अवरोधहरू हटाई अपाङ्ग मैत्री एवम् पहुँचमा सहज बनाइने छ भन्ने उल्लेख गरिनु पर्दछ ।

### जनचेतनाको अभिवृद्धि

यस अन्तर्गत

१. अपाङ्गताको कारण, असर, अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकार तथा अधिकारको उल्लङ्घनमा उपचार प्राप्त गर्ने तरिका र अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानजनक व्यवहार गर्ने वातारण निर्माण गर्न राज्यले समुदाय तथा परिवारलाई जागृत गर्न, जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्नेछ भन्ने व्यवस्था गरिनु पर्दछ ।

### राज्यको निति

मौलिक हकअन्तर्गत नै राज्यले अपाङ्गताबाट रोक्ने, उपचार, पुनर्स्थापना तथा प्रगति गर्ने, उनीहरूलाई सामाजिक जीवनमा सहभागी गराउन उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक स्थितिमा सुधार ल्याउने, समाजलाई उनीहरूको समस्याको बारेमा र उनीहरूलाई सीमान्तकृत, बहिष्कृत हुनबाट रोक्न आवश्यक वातावरण सृजना गर्न समाजलाई जागृत गर्ने राष्ट्रिय नीति लिने छ भन्ने व्यवस्था गर्नु पर्दछ ।

### विचार अभिव्यक्तिको स्वतन्त्रता र सूचनामा पहुँच

यसअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूले आफूले रोजेको सञ्चारमाध्यममार्फत् अन्य व्यक्तिहरू सरह समान आधारमा सूचना र मत माग गर्ने, प्राप्त गर्ने र प्रदान गर्ने लगायतका विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गर्न पाउने कुरा सुनिश्चित गरिनु पर्दछ । यसैगरी :

१. विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त हुने गरी पहुँच योग्य ढाँचा र प्रविधिमा सूचना उपलब्ध गराइने छ ।

२. अपाङ्गता भएका व्यक्तिले कार्यालयीय अन्तर्क्रियामा आफूले रोजेको वैकल्पिक सञ्चार एवम् पहुँचयोग्य साधन, तरिका र ढाँचा प्रयोग गर्न पाउने छन् भन्ने व्यवस्था गरिनु पर्दछ ।

### न्यायमा पहुँच

यस अन्तर्गत

कार्यविधिगत तथा अपाङ्गता भएका व्यक्तिहरूको अनुकूलताको माध्यमबाट अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गरिने छ र अदालतले उनीहरूको मुद्दालाई प्राथमिकता क्रममा राखी अग्राधिकार दिई हेर्नेछ भनी उल्लेख गरिनु पर्दछ ।

यसैगरी संविधानमा राजनीतिक दलसम्बन्धी व्यवस्थाअन्तर्गत निम्न व्यवस्था राखिनु पर्दछ :

### राजनीतिक दलसम्बन्धी व्यवस्था

कुनै पनि राजनीतिक दल निर्वाचन आयोगमा दर्ता हुन तथा अध्यावधि गर्न आउँदा अनिवार्य रूपमा आफ्ना कमिटीहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउनु पर्दछ ।

### अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय आयोग

नयाँ संविधानमा अपाङ्गता भएका व्यक्तिहरूको बारेमा अनुसन्धान, प्रकाशन, उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धनका लागि अधिकार सम्पन्न **'अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय आयोग'**को संवैधानिक व्यवस्था गरिनु पर्दछ ।



# नयाँ संविधानमा अनिवार्य लेखिनुपर्ने अपाङ्गता भएका व्यक्तिको सवाल

नेपाल अपाङ्ग समाज

सिडा/सिसिओ